खण्ड ६   संख्या ११   मिति २०८०/०९/२६

**भाग २**

**स्थानीय सरकार**

# परशुराम नगरपालिकाको मुक्तहलिया पुनःस्थापना कार्यविधि २०८०

**प्रस्तावनाः**

मुक्त हलियाहरुको पहिचान, पुनःस्थापन कार्य सम्पन्न गर्न र बृत्तिविकासका कार्यक्रम संचालन गरी आत्मनिर्भर बनाउदै मुक्तहलिया परिवारहरुको जीवनस्तरमा सुधार ल्याउन आवश्यक भएकोले परशुराम नगरपालिकाले नेपालको संविधानको धारा ५१ **ञ**(६) को भावना र मर्म अनुरुप यस परशुराम नगरपालिकामा पुनर्स्थापना हुन बाँकी रहेका मुक्तहलियाहरुको पुर्नस्थापना गर्ने कार्य यथाशिघ्र गर्नु वाञ्छनीय भएकाले,

परशुराम नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने नियमावली २०७५ को दफा ३ बमोजिम परशुराम नगरकार्यपालिकाले यो कार्यविधी बनाएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

**१) संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम "मुक्त हलिया पुनः स्थापना कार्यविधि २०८०" रहेको छ ।

२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**२) परिभाषाःबिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क)**"समिति"** भन्नाले यस कार्यविधिबमोजिम स्थापना भएको मुक्त हलिया पुनःस्थापना समितिलाई सम्झनु पर्दछ ।

ख)**"स्थानियतह"** भन्नाले **परशुराम** नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) "**वडा कार्यालय"** भन्नाले परशुराम नगरपालिकाको वडा कार्यालयलाई सम्झनु पर्दछ ।
घ) "**कार्यपालिका"** भन्नाले परशुराम नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।
ङ) "**वडा समिति"** भन्नाले यसै कार्यबिधि बमोजिम वडा स्तरमा गठन भएको मुक्तहलिया सहजिकरण समितिलाई सम्झनु पर्दछ ।
च)**"गणना टोली"** भन्नाले यसै कार्यबिधि वमोजिम वडा स्तरमा विभिन्न स्थानमा गई छुट मुक्तहलियाहरुको लगत तथा तथ्यांक संकलन गर्ने टोलीलाई सम्झनु पर्दछ ।

छ) "**मुक्तहलिया"** भन्नाले वि. सं. २०६५ भाद्र २१ गते नेपाल सरकारले मुक्त घोषणा गरे पश्चात लगतमा नाम भई परिचयपत्र प्राप्त गरि पुर्नस्थापन भएका र हुन बाँकी मुक्तहलिया परिवार सम्झनु पर्दछ ।
ज) "**छुट मुक्त हलिया"** भन्नाले वि. सं. २०६५ भाद्र २१ गते नेपाल सरकारले मुक्त घोषणा गरि तथ्यांक संकलन गर्दा तत्कालिन अवस्थामा लगतमा नाम छुट्न गएका मुक्तहलियाहरुलाई सम्झनुपर्दछ ।
(झ)**"विकास साझेदार संस्था"** भन्नाले पुनस्थापन कार्यमा आर्थिक तथा प्राविधिक सहायता उपलव्ध गराउने नेपाल सरकारको स्वीकृति लिई नेपालभित्र कार्यरत संस्था वा दातृ निकाय लगायत नीजि क्षेत्रलाई सम्झनुपर्छ ।
(ञ)**"लगत संकलन सहजीकरण समिति"** भन्नाले दफा ४ बमोजिमको सहजीकरण समिति"सम्झनुपर्छ ।
ट) "**लगत"** भन्नाले यसै कार्यविधि बमोजिम वडा कार्यालय मार्फत संकलन गरिने मुक्त हलियाहरुको विवरण तथा तथ्यांकलाई सम्झनु पर्दछ ।

## परिच्छेद२
## लगत संकलन, प्रमाणिकरण र परिचयपत्रवितरण

### ३) छुट मुक्त हलियाको लगत संकलन गर्ने निर्णय र सूचना प्रकाशनः

(१)मुक्त हलिया पुनस्थापना समितिले मुक्त हलिया तथा छुट मुक्त हलियाहरुको लगत संकलन गर्ने सम्वन्धमा निर्णय गरी सूचना प्रकाशन गर्न सबै वडा कार्यलयहरुलाई निर्देशन दिने र सबै वडा कार्यालयमा तोकिएको ढाँचामा गणना टोली समक्ष आफ्नो विवरण बुझाउन सबैको जानकारीको लागि अनुसूची ३ वमोजिमको ढाँचामा सूचना प्रकाशित गर्ने ।
(२) स्थानीय तहले छुट मूक्त हलिया रहेका वडामा लगत संकलन सहजीकरण समितिको गठन गर्ने व्यवस्था मिलाउने ।
(३) सम्बन्धित वडाले लगत संकलन सहजीकरण समिति गठन गर्ने ।
(४) वडाबाट लगत संकलन कार्य सम्पन्न भई पालिका स्तरीय समितिमा पेश भईसकेपछि नगरपालिका स्तरीय समितिले भूमि सम्वन्धी विषय हेर्ने शाखालाई हलिया पुनस्थापना सम्वन्धी कामको जिम्मेवारी तोक्ने ।

(५) लगत संकलन र स्वघोषणाको ढाँचा अनुसुची १ बमोजिम हुनेछ ।

**४. लगत संकलन सहजीकरण समिति गठनः**

(१) छुट मुक्तहलियाहरुको लगत संकलन कार्यको व्यवस्थापन गर्न सम्बन्धित वडामा देहायवमोजिमको सहजीकरण समिति रहनेछ ।

(क) सम्वन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) सम्बन्धीत वडाका सबै वडा सदस्यहरु -सदस्य

(ग) सम्वन्धित वडाको मुक्तहलिया प्रतिनिधि १ जना -सदस्य

(घ) वडा कार्यालयको सचिव -सदस्य सचिब

सहजिकरण समितिको संयोजकले आवश्यकतानुसार अन्य ब्यक्तीहरुलाई वैठकमा आमन्त्रण गर्न सक्नेछन् ।

**(५) लगत संकलन सहजीकरण समितिको काम, कर्तब्य र अधिकारः**

(क) आफ्नो वडामा लगत संकलनकार्य गर्न वडाको जनसंख्या र भूगोलको आधारमा गणक नियूक्त गर्ने ।

(ख)गणक नियूक्त गर्दा मूक्त हलियाको समेत संलग्नता अनिवार्य गराइनेछ ।

(ग) लगत संकलन प्रारम्भ गर्नु अघि गणकलाई प्रशिक्षण (अभिमुखीकरण) को व्यवस्था मिलाउने ।

(घ) लगत संकलन कार्यको लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने ।

(ङ) लगत संकलन कार्यमा कुनै समस्या आइपरेमा सोको समाधान गर्ने ।

(च) गणना टोलीले संकलन गरेको लगत वडा समितिले प्रमाणित तथा सिफारिस गरि पालिका स्तरको मुक्तहलिया पुनःस्थापना समिति समक्ष पेश गर्ने।

(छ) गणकको लागि कम्तीमाबाह्र (दश जोड दुइ) कक्षापास गरेको र कम्प्यूटर चलाउन सक्ने योग्यता भएको हुनुपर्नेछ ।

**६) लगत संकलनको विधि र आधारः**

(१)सूचना प्रकाशित भएको मितिदेखि गणकले तोकिएको क्षेत्रमागई अनुसूची १ अनुसारको फारममा लगत संकलन कार्य सम्पन्न गर्नु पर्नेछ ।

(२)नेपाल सरकारले हलिया मुक्तिको घोषणा गर्दा तत्कालिन अवस्थामा छुटेका, लगत लिँदा वि. सं. २०६५ भाद्र २१ को मितिलाई आधार मानी त्यस अघि देखि हलिया श्रमिकको रुपमा काम गरेको व्यक्ति र हाल पनि हलिया श्रम गर्दै आईरहेकाहरुको लगत लिनु पर्ने ।

(३)विगतमा हलिया श्रमिकको रुपमा काम गरेको तर हाल मृत्यू भै सकेको भएनिजको श्रीमान वा श्रीमती वा एकाघर सगोलको व्यक्तिको नामबाट लगत संकलन गर्नु पर्ने।

(४)गणकले फारमको मा रहेको स्वघोषणा राम्ररी पढी बाँची सुनाउनुका साथै त्यसको अर्थ समेत बुझाई दस्तखत गर्न लगाउनु पर्ने ।

(५)लगत संकलनकार्यमाविकास साझेदार संस्थाको सहयोग लिन सकिने।

(६)गणना टोलीले स्थानीयतहका सबै वडाहरुमा लगत संकलनकार्य सुरु गर्ने ।

(७)साविक लगतमा छुटेका हलिया, साविक लगतमा नाम भएता पनि पुनस्थापना प्रक्रियामा प्रवेश नगरेका, पुनस्थापना प्रक्रियामा प्रवेश गरी जग्गा प्राप्त गरेका तर घर निर्माण खर्च नपाएका, घर निर्माण वापत आंशिक रकम (पहिलो किस्ता मात्र) पाएका र घर मर्मत वापत आंशिक रकम (पहिलो किस्ता मात्र) पाएका हलियाहरुको लगत संकलन गर्ने तर पहिले लगत लिएका मुक्त हलियाहरुको परिचयपत्र भने पुरानै वर्गिकरण अनुसार लागु हुनेछ ।

नेपाल सरकारको तथ्यांकमा नाम भएका तर पुनर्स्थापना प्याकेज प्राप्त नगरेका मुक्त हलियाहरुलाई पुर्नस्थापन प्रक्रियामा समावेस गर्ने ।

(८)पुनस्थापन प्रक्रियामा प्रवेश गरी आंशिक रकम मात्र पाएका हलियाको विवरण सम्वन्धित मालपोत कार्यालयको अभिलेखसँग भिडाउनु पर्ने भएकोले वडा समितिले स्थानिय तह मार्फत विवरण सत्यापनको लागि मालपोत कार्यालयसँग समन्वय गर्ने ।

**७) दाविविरोध, लगतको सत्यापन र वर्गिकरणः**

क) लगत संकलन सहजिकरण समितिले गणकबाट पेश भएको तथ्यांक सूचीदावी बिरोधका लागि यसै कार्यविधिको अनुसुची-४ को ढाँचामा १५दिनको समय दिई वडा कार्यालयबाट सूचना प्रकाशित गर्ने ।

ख) वडा समितिले लगतमा परेको दावी विरोध फच्र्यौट गरी सूची अद्यावधिक गर्ने ।

(ग)अद्यावधिक गरिएको लगत वडा समितिले सत्यापन(Verification) गरी वर्गीकरण, प्रमाणीकरण, परिचयपत्र र पुर्नस्थापनाका लागि कार्यपालिकामा पेश गर्ने छ ।

घ) लगत संकलन गरेका मुक्तहलियाहरु लाई (क) र (ख)वर्गमा बिभाजन गरि बर्गीकरण गर्नुपर्नेछ । वर्गिकरण गर्दा अपनाउनु पर्ने न्यूनतम् मापदण्ड तथा आधारहरु निम्न छन्ः

**मूक्तहलिया (क) बर्गको हलिया परिचय पत्रका लागि** :

१) घर जग्गा दुवै आपनो स्वामित्वमा नभएको मुक्त हलिया परिवार ।

२) नेपाल सरकारको आवास मापदण्ड भन्दा कम जग्गा भएको मुक्तहलिया परिवार ।

३) नेपाल सरकार मन्त्रीपरिषदको मिति वि. सं. २०७६ जेष्ठ ६ गतेको निर्णयानुसार पुर्नस्थापनाको अधिकार स्थानियतहलाई हस्तान्तरण गरि बर्गिकरण सहित पठाएका क, ख, ग र घ वर्गका पुनर्स्थापना हुन वाँकी मुक्तहलियाहरुको परिवारलाई पुर्नस्थापन प्रक्रिया बाट वञ्चित गरिने छैन ।

४) अस्थायी, कच्ची, खर, प्लास्टिक , माटाको ढलानको जोखिमयुक्त घर भएको मुक्तहलिया परिवार ।

यस प्रयोजनका लागि मुक्तहलिया सँग भान्सा सहित पक्की ४ कोठाको इटा, ढुङ्गाको दिवाल र घरको छाना टिन र पत्थरले छाएको घरलाई मात्र घर मानिने छ । तोकिएको कोठा भन्दाकम खर, प्लास्टिक, माटाको ढलान भएकाघरलाई घर मानिने छैन ।

**(ख) बर्गको हलिया परिचयपत्रका लागि** :

१) नेपाल सरकार आवास मापदण्ड अनुसार जमिन स्वामित्वमा भएतापनि घर जिर्ण भएको, खोलाको किनार, पाखोमा उब्जनी नहुने ठाउमा भएको,आर्थिक तथा सामाजिक अवस्था कमजोर भएको परिवार ।

**८. प्रमाणीकरण र अनुमोदनः**

(क) वडा समितिबाट प्रमाणीकरणका लागि पेश हुन आएका हलियाहरु मुलुकको अन्य स्थानमा जग्गा नभएको यकीन गर्न पालिकाले सम्वन्धित मालपोत कार्यालयमा पठाउने ।

(ख) मालपोत कार्यालयले आफ्नो भूमि अभिलेख व्यवस्थापन सूचना प्रणाली (LRMIS) मा भिडाइ अन्यत्र जग्गा नहुनेको नामावली कार्यपालिकामा फिर्ता पठाउने ।

(ग) मालपोतबाट यकीन भै प्राप्त हुन आएको लगत स्थानीय कार्यपालिकाले प्रमाणीकरण गर्नुपर्ने ।

(घ) प्रमाणीकरण र वर्गिकरण भएको सूची मुक्तहलिया पुनर्स्थापन समितिले अनुमोदनको लागिपालिकाको कार्यपालिका समक्ष पठाउनु पर्ने ।

**९. परिचयपत्रतयारी र वितरणः**

(१) दफा ८ वमोजिम मुक्तहलियाहरुको सूची अनुमोदन गरिसकेपछि देहाय वमोजिमको रङ्गमा परिचयपत्र तयार गर्नु पर्ने ।

(क) "क वर्ग" का हलिया श्रमिकलाई रातो परिचयपत्र ।

(ख) "ख वर्ग" का हलिया श्रमिकलाई निलो परिचयपत्र ।

(२) परिचयपत्रको ढाँचा अनुसूचि २ मा निर्धारण भए वमोजिम हुनेछ ।

(३) वर्गीकृत हलिया श्रमिकको नामावली र आवश्यक मात्रामा परिचयपत्रहरुको छपाइ स्थानीयतहले व्यवस्थापन गर्ने ।

**१०. परिचयपत्र वितरण प्रक्रियाः** वर्गीकृत मुक्त हलियाहरुलाई सम्वन्धित स्थानीय तहले देहाय वमोजिमको प्रकिया पुरा गरी परिचयपत्र वितरण गर्नुपर्नेछः

(१)मुक्त हलियाहरुको स्वीकृत नामावली र परिचयपत्र स्थानीय तहले मुक्तहलिया रहेका वडा कार्यालयहरुमा पठाउने ।

(२) वडा कार्यालयले सम्वन्धित मुक्त हलियाहरुलाई परिचयपत्र लिनका लागि दुइ प्रति फोटो र सक्कल नागरिकता लिइ सम्पर्क राख्न आउनु भनी नामावली सहित सूचना प्रकाशित गर्ने ।

(३) सूचना वमोजिम सम्पर्क राख्न आउने मुक्त हलियाहरुलाई निज सम्वन्धित व्यक्ति भए नभएको यकीन गरी परिचय पत्र तयार गर्ने ।

(४) परिचयपत्रमा भएका विवरण र फोटो समेतको अभिलेख किताव तयार गरी सोही कितावमा परिचयपत्र बुझिलिएको भनी दस्तखत गराइ परिचयपत्र बुझाउने ।

५) मुक्तहलिया परिचयपत्रको ढाँचा यसै कार्यविधिको अनुसुची २ मा राखिएकोछ ।

## परिच्छेद ३
## मूक्त हलिया श्रमिकले प्राप्तगर्ने सुविधा, कार्यक्रम र कार्ययोजना

**११. प्राप्त गर्ने सुविधाः** परिचयपत्र प्राप्त गरेका हलिया श्रमिकलाई बसोबासको सन्दर्भमा देहाय वमोजिमको सुविधा उपलव्ध गराइनेः

(१) “क“ वर्गमा वर्गीकरण भै रातो परिचयपत्र प्राप्त गरेका मुक्त हलिया भूमिहीन परिवारलाई पालिकाले नेपाल सरकारको आवास मापदण्ड बमोजिम तथा (१३० वर्ग मि र अन्य क्षेत्रमा ३४० वर्गमिटर) जमीन उपलव्ध गराउने ।

(२) कुनै भूमिहीन हलिया श्रमिकले कृषि प्रयोजनको लागि मात्र जग्गा लिन चाहेमा भूमि सम्वन्धी नियम २०२१ को नियम ४१ (ख) वमोजिम जग्गा उपलव्ध गराउन सकिने ।

(३) उपदफा (१) वमोजिमको जमीनमा हलिया श्रमिकको लागि पुनर्स्थापन समितिले तोकेको मापदण्ड वमोजिमका आवासीय इकाइहरु निर्माण गरी हस्तान्तरण गर्ने वा

(४) व्यक्तिगत रुपमा जमीन उपलव्ध नगराई निश्चित परिवारको लागि व्यवस्थित वस्ती विकास गरी आवास हस्तान्तरण गर्ने ।

५) लगतमा नाम भएका मुक्तहलियाहरुलाई जग्गा खरिदका लागि रु.२ लाख ५० हजार र घर निर्माणका लागि रु. १ लाख ५० हजार र घर मर्मतका लागि रु. ५० हजार रकम उपलब्ध गराउनेछ ।

**नोटः स्थानिय तहले जग्गाको स्वामित्व कायम गर्न संघ र प्रदेश सरकार संग आवस्यक समन्वय गर्ने र संघ र प्रदेशको सहयोगमा जग्गाको स्वामित्व कायम गराउनेछ ।**

**१२. जग्गा उपलव्ध गराउने विधिः**

(१) दफा ११ को (१) वमोजिम बसोबासको लागि जग्गाउपलव्ध गराउँदा जोखिम रहित, आवासीय क्षेत्रमावर्गीकरण गर्न मिल्ने र रोजगारीको लागि सहज स्थानमा रहेको जग्गापहिचान र छनौटको काम वडा समिति र मुक्तहलियाहरुको परामर्शमा गरिने छ ।

(२) उपदफा(१)वमोजिम पहिचान गरिएको जमीन साविकमा नापी भएको जग्गा भए फिल्डबुक तथा प्लट रजिष्टर र नापी नभएको जग्गा भए नाप नक्शा गरी सोही आधारमा जग्गाधनी दर्ता श्रेस्ता तयार गर्नुपर्नेछ । यसरी तयार भएका दर्ता श्रेष्ता भूमि आयोगबाट वा आयोग नरहेको अवस्थामा पुनस्थापना समितिबाट प्रमाणित गरी नक्शा, फिल्डबुक र प्लट रजिष्टर नापी कार्यालयमा र जग्गाधनीपूर्जा तथा श्रेस्ता मालपोत कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम मालपोत कार्यालयमा पठाइएका जग्गाधनिपूर्जा र श्रेस्ता मालपोत कार्यालयको भू-सूचना अभिलेख प्रणालिमा अद्यावधिक भएपछि श्रेस्ता मालपोत कार्यालय मै राखी जग्गाधनीपुर्जा सम्वन्धित व्यक्तिलाई उपलव्ध गराउनु पर्ने ।

(४) यस कार्यविधि वमोजिम जग्गा उपलव्ध गराउँदा पति पत्नी सगोलमा बसेको भए सगोल पुर्जा कायम गरिदिनु पर्ने ।

(५) यसरी उपलब्ध गराएको जग्गा दशवर्ष सम्म विक्रीवितरण गर्न नपाइने व्यहोरा जग्गाधनीपुर्जा मै उल्लेखित गरिने छ।साथै दशवर्ष पछि पनि भूमिही नहुने गरी बेच्न नपाइने व्यहोरा जानकारी गराउनु पर्नेछ ।

**१३. भूक्तानी दिन बाँकी रकम उपलव्ध गराउने विधिः**

(१) सम्वन्धित मालपोत कार्यालयहरुबाट भुक्तानि हुन बाँकी मुक्तहलियाहरुको तथ्यांक माग गर्ने, आवश्यक रकम आँकलन गरी बजेट तर्जुमा गर्ने, अर्थ मन्त्रालयबाट निकासाका लागि माग गर्ने,

(२) स्थानीयतहले आंशिक रकम भुक्तानी हुन बाँकी रहेका मुक्तहलियाहरुको नामावलि सहितको विवरण मालपोत कार्यालयबाट माग गर्ने ।

(३) स्थानीयतहले मुक्त हलियाहरुलाई वडा कार्यालयबाट आफु हलिया भएको सिफारिस सहित रकम भुक्तानी लिनआउन सूचना प्रकाशन गर्ने, आफ्नो वेबसाइटमा राख्ने र स्थानीय सञ्चार माध्यम मार्फत प्रचार प्रसार गर्ने ।

(४) उपदफा (३) वमोजिम सम्पर्क राख्न आएका व्यक्ति सरोकारवाला हलिया भएको यकीन गरी रकम भुक्तानि दिने । भुक्तानि लिएदिएको अभिलेख अद्यावधिक राख्ने ।

**१४) सुरक्षित बसोबास कार्यक्रमः**

(क) बसोबासको लागि जोखिम रहित जग्गा पहिचानः

(अ) भौगोलिक र भौगर्भिक रुपले जोखिमनभएको सुनिश्चित गर्ने,

(आ) विकास निर्माणका कारण भविष्यमा जोखिमनहुने यकीन गर्ने,

(इ) उक्त स्थाननजिक रोजगारी प्राप्तहुने सुनिश्चित गर्ने,

(ई) भूउपयोग ऐन र नियमावली वमोजिम आवासीय क्षेत्रमावर्गीकरण भएको यकीन गर्ने,

(उ) उल्लिखितकार्य सम्वन्धित स्थानीयतहले गर्ने ।

**(१५) बस्तीमा आधारभूत पूर्वाधारको विकास**

(१) सडक, विजुली, खानेपानी, टेलिफोन, ईन्टरनेट,शिक्षा र स्वास्थ्यको सुविधाभएको वा पुऱ्याउनु पर्ने ।

(२) खुलाठाउँ, सुरक्षाको प्रवन्ध, वस्तु र सेवाविनिमयको अवसरहुनुपर्ने।

(३) वातावरणीय स्वच्छता कायम गर्न र फोहर व्यवस्थापनको प्रवन्ध गर्नुपर्ने ।

(४) जग्गा पाएका मुक्तहलियालाई घर निर्माण वापतको रकम १ वर्ष भित्रदिने ।

(५) मुक्तहलियाहरुको घर निर्माण वापतको दोस्रो किस्ता १ वर्ष भित्र भूक्तानि गर्ने ।

(६) मुक्तहलियाहरुको घर मर्मत वापतको दोस्रो किस्ता १ वर्ष भित्र भूक्तानी गर्ने ।

(७) हलिया श्रमिक वस्तीका आधारभूत सेवामा निश्चित शुल्क छुट ।

(८) मुक्त हलियाका विद्यालय जाने बालबालिकाहरुलाई निशुल्क पुस्तक, खाजा, स्टेस्नरी र अध्ययन शुल्कमा पूर्ण छुट दिने ।

(१०) सार्वजनिक स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिक र महिलाहरुको लागि औषधो पचारमा छुट दिने ।

(११) उल्लेखित कार्यका लागि नगरपालिका, गाउपालिकाले अनुदान उपलब्ध गराउने ।

(१२) व्यवस्थित र एकीकृत बस्ती विकासमाविकास साझेदार संस्थासँगको सहभागिताका लागि समन्वय तथा साझेदारी गर्ने ।

(१३) जोखिम रहित स्थानपहिचानमा आवश्यक प्राविधिक सहयोग गर्ने ।

(१४) व्यवस्थित आवास निर्माणको लागि स्थापना गरिएको वास्केट फण्डमा योगदान गर्ने ।

(१५) उल्लेखित कार्यका लागि सचिवालयले आवश्यक समन्वय र सहजीकरण गर्ने ।

**(१६) सामाजिक सुधार र सशक्तिकरण कार्यक्रमः**

**(१)मुक्त हलिया समुह गठन, सशक्तिकरण र सिपविकास**

(क) मुक्त हलियासमूह गठन र जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

(ख) सीपउपयोग र प्रविधि हस्तान्तरणका क्षेत्रहरुबारे चेतनामूलककार्यक्रम सञ्चालन गर्ने ।

(ग) मुक्तहलियालक्षित सीपविकास तथाव्यवसायिकतालिमप्रदान गर्ने ।

(घ) उमेर, क्षमता र इच्छा अनुसार प्रत्येक वडामा आधारभूततालिमको व्यवस्था गर्ने ।

(ङ) विशेष दक्षता तालिम लिन चाहने मुक्त हलियाहरुलाई आवस्यकश्रोत, साधनको प्रवन्धमिलाई तालिम प्रदान गरिनेछ ।

**(२) शैक्षिक विकास कार्यक्रम**

(क) मुक्त हलिया लक्षित शिक्षामा पहुँच वृद्धि कार्यक्रम संचालन गर्ने ।

(ख) आधारभुत तहका मुक्त हलियाका छात्रछात्रालाई स्थानीयतह मार्फत विशेष छात्रबृति सहित शैक्षिक सामग्रीउपलव्ध गराउने ।

(ग) प्राविधिक र व्यवसायिक शिक्षामा मुक्त हलियाका वालवालिकालाई प्राथमिकतामा राखिपूर्ण छात्रबृति प्रदान गर्ने ।

**(३) स्वास्थ्य उपचार तथा स्वास्थ्य विमा कार्यक्रम**

(क) स्वास्थ्य सेवामा पहुँच वृद्धि विशेष कार्यक्रम संचालन गर्ने ।

(ख) मुक्त हलियाहरुको स्वास्थ्य विमा शुल्कवापत ५०% स्थानीयतहले व्यहोर्ने ।

(ग) खोप तथा विशेष खोपहरुमा प्राथमिकता दिने ।

(घ) स्थानीय स्तरमा उपचार संभव नभएको भनि चिकित्सकले सिफारिस गरेका मुक्तहलियालाई रेफरल अस्पतालमा नि.शुल्क उपचारको व्यवस्था गर्न सिफारिस गर्ने ।

**४) समावेसीता तथा सहभागिता अभिबृद्धि**

(क) आमा समुह, टोलसुधार समिति, खानेपानी उपभोक्ता समुह जस्ता सामुदायिक संस्थामा अर्थपुर्ण सहभागितामा प्राथमिकता दिने ।

(ख) पालिकास्तरीय तथा वडास्तरीय विभिन्न कार्यक्रम कार्यान्वयनका सन्दर्भमा गठन हुने समितिहरुमा प्रतिनिधित्व गराउने ।

(ग) मुक्त हलिया सम्वन्धी नीति निर्माण गर्ने स्थानीयतहका कुनै पनि सामाजिक संयन्त्रमा मुक्तहलियाहरुको प्रतिनिधित्व गराउने ।

**५) सशक्तिकरणमा विकास साझेदार संस्थाको सहभागिता**

(क) प्रत्येक स्थानीयतहमा तालिमप्राप्त गरेका मुक्तहलियालाई तालिमअनुसारको सीप प्रयोग गर्न औजार, यन्त्र उपकरण उपलव्ध गराउने ।

(ख) आफ्नै व्यवसाय सुरु गरी अन्यलाई पनि रोजगारी दिने मुक्तहलियालाई क्षमताअभिवृद्धि र राष्ट्रिय तथाअन्तर्राष्ट्रिय Exposer visit को अवसर उपलव्ध गराउने।

(ग) पुनस्थापनकार्यमा संलग्न स्थानीयतह र वडा समितिमा रहेका पदाधिकारी तथाकर्मचारीको क्षमताअभिवृद्धि तथाअवलोकन भ्रमणको लागिExposer visit गराउने ।

(घ) लगत संकलनको लागि आवश्यक मोड्यूलतथा सफ्टवेयर र उपकरण उपलव्ध गराई उपयोग गर्न सक्षमबनाउने ।

(ङ) उपरोक्त कार्यहरु गर्दा विकास साझेदार संस्था,संघ र प्रदेश सरकार्संग को समन्वय गर्ने ।

**६) जीविकोपार्जन तथा आर्थिक सुधार कार्यक्रमः**

मुक्तहलियाहरुको जीवनस्तरमा सुधार ल्याउन उनीहरुमा आत्मवल, सीप विकास र क्षमताअनुसार दक्षता अभिवृद्धि गरी वृति विकासमा टेवापुर्याउन देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछः

क) मुक्तहलियाबाट निर्माण भएका कृषि समुह, बचत समुह, सहकारी र संस्थालाई दर्तामा सहजीकरण, तालिम, अवलोकन भ्रमण, बिउ, बिजन, बिउपूँजी कार्यक्रम संचालन गर्ने ।

ख) सहकारी सञ्चालनको लागि सेयर सदस्यको आधारमा वीउपुँजी उपलव्ध गराउने ।

घ) मुक्तहलिया परिवारमा रहेका महिला र पुरुषको रुचि र क्षमता हेरी सिलाइ कटाइ, च्याउखेती, बेमौसमी तरकारी, फलफूल तथा तरकारी घुम्ती व्यवसाय, घरेलु अचार उद्योग, प्याकेजिङ्ग, ड्राइभिङ्ग, सैलुन, विद्युतीय सामानवायरिङ्ग र मर्मत, डकर्मी, मोटरसाइकल मर्मत,कुखुरा पालन, माछापालन, बेतबाँसबाट मुढा बनाउने, हाउस पेण्टिङ्ग, सिकर्मी, होटल म्यानेजमेन्ट, प्लम्बिंग, आरन, मार्वल टायल फिटिगं, लगायत स्थानीय स्तरमा उपयोगी हुने तालिम सञ्चालन गरि सामुहिक र व्यक्तिगत रुपमा व्यवसाय सञ्चालन गर्न आवश्यक मेशिनरी औजार तथा उपकरण उपलव्ध गराउने ।

ङ) जग्गा भाडामा लिई सामुहिक कृषि उत्पादन व्यवसाय संचालन गर्ने ।

**७) रोजगार प्रवर्द्धनकार्यक्रम**

(अ) प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा मुक्तहलियालाई प्राथमिकतामा राखि कार्यान्वयन गर्ने ।

(आ) सीप वा सेवा बेच्न चाहने व्यक्तिको दक्षता र सम्पर्क नम्वर (Skill Inventry) अद्यावधिक गर्ने ।

(इ) श्रम वा सेवाआवश्यक पर्ने व्यक्ति संस्थावानिकायले रोजगार केन्द्रमार्फत सम्वन्धित व्यक्तिसँग सम्पर्क गर्न सक्ने व्यवस्थाको प्रचार प्रसार गर्ने ।

(ई) स्थानीय सरकारले मुक्त हलियाहरुलाई तत्कालआवश्यक उपकरण उपलव्ध गराउने ।

(उ) स्थानीयतहमा सञ्चालनहुने प्रधानमंत्री स्वरोजगार कार्यक्रम वा मुख्यमन्त्री रोजगार कार्यक्रममा सम्वन्धित कार्यक्रमले कूल रोजगारीको कम्तिमा १०% हलिया श्रमिकलाई उपलव्ध गराउनका लागि स्थानियतहले प्रदेश र संघ सरकार संग समन्वय गर्ने ।

(ऊ) मुक्त हलियाहरुलाई रोजगारी दिने स्थानीय तहमा रहेका निजी व्यवसायिक संस्थालाई प्रोत्साहन गर्ने ।

**(८) स्वरोजगारको लागि बीउपूँजी**

(अ) सीप र दक्षता भएका तर लगानी क्षमता नभएका मुक्तहलियाहरुलाई व्यवसाय सुरु गर्न स्थानीयतहले व्याज अनुदानमा एक पटक सुरु पूँजीउपलव्ध गराउने ।

(आ) बीउ पूँजी लिएका मुक्तहलिया व्यवसायीको उत्पादन सहकारी पसलले अनिवार्य किन्नु पर्ने व्यवस्था गर्ने ।

**(९) कृषिजन्य कामको लागि लिजमा जग्गा**

(अ) पालिकामा रहेका मध्ये सरकारी पोखरी वा तलाउलाई माछा पालनको लागि शर्त सहितउपलव्ध गराउने ।

(आ) पालिकामा हाल उपयोगमा नरहेका नदीउकास, सरकारी ऐलानी, पर्ति लगायत जग्गा कृषि कार्यका लागि सशर्त उपलब्ध गराउने ।

## परिच्छेद ४
## कार्यान्वयन संयन्त्र र जिम्मेवारी

**१७. कार्यान्वयन संरचनाः**

मुक्तहलिया पुनस्थापन गर्न लगत संकलन कार्यमा वडा समिति, कार्यान्वयनको मुख्य जिम्मेवारीमा सम्बन्धीत स्थानीय तह, स्रोत व्यवस्था, समन्वय र अनुगमनको लागि प्रदेश र संघ सरकारको भूमिका रहनेछ ।

**१८. पालिका स्तरीय मुक्तहलिया पुनर्स्थापना समितिः** (१) मुक्तहलियाहरुको पुनस्थापन सम्वन्धीकार्य गर्न स्थानियतहमा देहाय वमोजिमको पुनस्थापना समिति रहनेछः

(क) नगरपालिकाको प्रमुख -संयोजक

(ख) दलित तथा अल्पसंख्यक कार्यपालिका सदस्य १ महिला सहित २ जना   सदस्य

(ग) राष्ट्रिय भुमि आयोगको सम्बन्धीत पालिका हेर्ने प्रतिनिधि   सदस्य

(घ) सम्बन्धीत पालिकाको हलिया प्रतिनिधि १ महिला सहित २ जना   सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृत   सदस्य सचिव

२) समितिले आवस्यकताअनुसार विज्ञ सदस्यलाई आमन्त्रण गर्न सक्नेछ ।

(३)पुनस्थापन समितिको वैठक आवश्यकताअनुसार बस्नेछ ।

(४) समितिले बैठक सम्बन्धी कार्यबिधि आफै निर्धारण गर्नेछ ।

(५) समितिको सचिवालयसमेत रहनेछ ।

**१९) पुनस्थापना  समितिको काम र कर्तव्यः**

पुनस्थापन समितिको कामकर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) पुनस्थापन सम्वन्धी नीति र कार्ययोजना तर्जुमा गर्ने

(ख) स्वीकृत नीति र कार्ययोजना कार्यान्वयनको लागि स्थानीय तहमा पठाउने ।

(ग) पुनस्थापन सम्वन्धी वार्षिक कार्यक्रम स्वीकृतका लागि कार्यपालिकामा पेश गर्ने ।

(घ) मुक्तहलियाहरुको लगत संकलन कार्यको लागि सूचना प्रकाशन गर्न निर्देशन दिने,

(ङ) पुनस्थापना कार्यको उपलब्धी सूचकका आधारमा नियमित रुपमा त्रैमासिक र वार्षिक समीक्षा गरी सुधारात्मक उपायहरु अवलम्वन गर्न निर्देशन दिने।

(च) छिटो छरितो र न्यायिक पुनस्थापनका लागि संघ रप्रदेश सरकारसंग समन्वय गर्ने ।

(छ) समाज कल्याण परिषदसँग समन्वय गरी विकास साझेदार संस्था, गैरसरकारी संस्था लगायत अन्य दातृ निकायलाई सहकार्य गर्न आमन्त्रण र सहजीकरण गर्ने ।

**२०) पुनस्थापन समितिको सचिवालयः**

मुक्तहलिया पुनस्थापन सम्वन्धी कार्यमा सहजीकरण गर्न स्थानिय तहमा समितिको सचिवालय रहनेछः

(२) पुनस्थापन समितिको सचिवालयको काम देहाय वमोजिम हुनेछः

(क) पुनस्थापन कार्यको लागि समर्पित शाखा (Dedicated Section) र कर्मचारी तोक्ने ।

(ख) वार्षिक कार्यक्रम, कार्ययोजना र कार्यान्वयनका उपलव्धी सूचक तर्जुमा गरी पुनस्थापन समितिबाट स्वीकृत गराउने ।

(ग) पुनस्थापना समितिबाट स्वीकृत भए वमोजिम मुक्तहलियाहरुको पहिचानको लागि लगत संकलन कार्यसञ्चालन गर्न अवधि तोकी सूचना प्रकाशन गर्ने ।

(घ) स्वीकृत कार्यक्रम कार्ययोजना वमोजिम कार्यान्वयनको लागि सम्वन्धित निकाय र स्थानीय तहमा पठाउने ।

(ङ) आंशिक रकम भुक्तानि दिनुपर्ने मुक्तहलियाहरुको लागि आवश्यक बजेटको व्यवस्था गर्न सम्बन्धीत निकायमा लेखि पठाउने ।

(च) पुनस्थापन कार्यको अनुगमन गरी सुधारात्मक उपाय अवलम्वन गर्न पुनस्थापन समितिमा पेश गर्ने ।

(छ) पुनस्थापना समितिसँग समन्वय गरी विकास साझेदार संस्था, गैरसरकारी संस्था लगायत अन्य दातृ निकायबाट प्राप्त सहयोगको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

(ज) पुर्नस्थापन समितिले तोकेका अन्यकार्य गर्ने ।

**२१) वडा समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः**

(क) लगत संकलनको सूचना प्रकाशित भएपछि लगत संकलन सहजीकरण समिति गठन गरी लगत संकलनको कार्य सुरु गर्ने ।

(ख) लगत संकलन सहजीकरण समितिबाट संकलित लगत सिफारिस सहित पालिकामा पेश गर्ने ।

(घ) पालिका बाट वर्गीकरण भै आएका मुक्तहलियाहरुलाई परिचयपत्र वितरण गर्ने ।

(ङ) यस अघि पुर्नस्थापनको क्रममा सबै सुबिधा नपाएका मुक्तहलियाहरुलाई आंशिक रकम लिन सहजीकरण गर्ने ।

(च) रातो परिचयपत्र पाएका मुक्तहलियालाई व्यवस्थित वस्ती विकास गर्न जग्गा पहिचानको लागि स्थानीयतहसँग सहजीकरण गर्ने ।

## परिच्छेद ५
## विविध

**२२) जनशक्ति व्यवस्थाः**

(क) मुक्तहलिया पुर्नस्थापनाकार्यलाई प्रभावकारी बनाउन र समितिको कामलाई व्यवस्थित गर्न स्थानिय तहले कुनै एक कर्मचारीलाई फोकल पर्सन तोक्न सक्नेछ ।

(ख) लगत संकलनको लागि वडामा गणना अवधिको लागि करारमा आवस्यक संख्यामा गणक नियुक्त गर्न सकनेछ ।

**२३) सेवा सुविधाः**

(क) पुर्नस्थापन समितिले कर्मचारीको व्यवस्थापन गर्नेछ ।

(ख) पुनर्स्थापन समितिमा प्रतिनिधित्व गर्ने समितिका सदस्यलाई वैठकमा भागलिन आउँदा नेपाल सरकारको नीतिअनुरुप दैनिक भत्ता,वैठक भत्ता र भ्रमण खर्च उपलव्ध गराउनु पर्नेछ ।
(ग) लगत संकलनको लागि भर्ना गरिएका गणकलाई पद अनुसारको तलव स्केल, गणनामा संलग्न हुने मुक्त हलिया प्रतिनिधिलाई नियमानुसार भत्ता उपलव्ध गराउनु पर्नेछ । लगत संकलनको लागि भ्रमण गर्ने कर्मचारीले स्थानीय दररेट अनुसार यातायात खर्च पाउनेछन ।
(घ) पुनस्थापना कार्यको अनुगमनमा जाने पदाधिकारी कर्मचारीले आफ्नो पद बमोजिम नेपाल सरकारको नियमानुासरको दैनिक तथा भ्रमण भत्ता पाउने छन ।
(ङ) पुनस्थापनाको सन्दर्भमा बस्ने वैठकहरुमा प्रचलित आर्थिक नियमअनुसार भत्ता र खाजा खर्च उपलव्धहुनेछ ।

**२४) स्पष्ट नभएको विषयमाः**
(१)मुक्तहलियालाई बसोबासको लागि जग्गा उपलव्ध गराउने विषयमा यस कार्यविधिमा स्पष्ट नभएको विषयमा भूमि सम्वन्धी ऐन, २०२१ र भूमि सम्वन्धी नियमहरु, २०२१ म भएको व्यवस्था वमोजिमको प्रक्रिया अवलम्वन गर्न प्रदेश सरकार मार्फत संघीय सरकार संग समन्वय गर्नुपर्नेछ ।
(२) संघ, प्रदेश र स्थानीय तहहरुले मुक्त हलियाहरुको उत्थान गर्न विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन गर्न यस कार्यविधिले बाधा पुर्याउने छैन ।
**२५)**यस कार्यविधिमा उल्लेख भएको कुरा नेपालको संविधान, प्रचलित ऐन, नियमसँग बाझिनगएमाबाझिएको हदसम्म स्वतःनिष्क्रियहुनेछ ।
**२६)** पुनर्स्थापना समितिले यस कार्यविधिमा रहेका अनुसूचिमाआवश्यकताअनुसार थप र हेरफेर गर्न सक्नेछ ।
**२७) बाधा अडकाउ परेमाः** यस कार्यविधि वमोजिम कुनै कार्य गर्दा द्विविधा भइ वाधा उत्पन्न भएमा पुनर्स्थापना समितिले बाधा अडकाउ फुकाउन सक्नेछ ।

**अनुसूची १**
**(कार्यविधिको दफा ३ को (५) सँग सम्वन्धित)**
**मुक्त हलिया लगत संकलन एवं स्वघोषणा फारम**

जिल्लाः डडेल्धुरा पालिकाः परशुराम नगरपालिका वडा नं.:
साविकको गाविसः...........

**१)मुक्त हलिया पहिचानः**
**(क)** तपाईको परिवारबाट पहिले कोही अन्यत्र हलिया/हली वस्नु भएको थियो?......(थियो/थिएन)
प्रश्न (क) को उत्तर “थियो“भएमा मात्र अरु प्रश्न सोध्ने । -थिएन भने ८ को १मा टिक लगाउने)
(ख) तपाइको नाम के हो ?..............................(हलिया वस्ने व्यक्तिलाई नै सोधेर उत्तरदाताको नाम लेख्ने)
(ग) तपाइ कहिले देखि हलिया बस्नु भएको थियो ? मितिः.........
(घ) तपाई कस्को घरमा हलिया बस्नु भएको थियो? ...............................

(साहुको नाम लेख्ने)

२) नेपाल सरकारले यस अघि संकलन गरेको मुक्त हलियाको लगतमा तपाईको नाम समावेश भएको छ?...........( छ भने ४ बाट सुरु गर्ने।छैन भने ८ को ५ मा टिक लगाउने र प्रश्न३ सोध्ने)

**३) पारिवारिक विवरणः**

| क्र सं | परिवारका सदस्यको नाम | घरमूली सँगनाता | लिङ्ग (पुरुष,महिला,अन्य) | उमेर वर्ष | शिक्षा(खुलाउने) | जन्मदर्ता छ-१ छैन-२ | नागरिकता छ-१ छैन-२ | हालबसेकोठाउँ आफ्नोपुर्जा-१ साहुको-२ सरकारी सार्वजनिक-३ | आफ्नो पुर्जा भएको जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

४) तपाइले यस अधिको पुनस्थापन कार्यक्रमबाट कुनै सुविधा प्राप्त गर्न बाँकी छ ?......(छ भने मात्र प्रश्न ५ माजाने, छैन भने ८ को २ मा टिक लगाउने, थपनसोध्ने)

५) तपाइले यस अधिको पुनस्थापन कार्यक्रमबाट के सुविधा लिनु भएको थियो?.................

६) तपाइले के सुविधा पाउन बाँकी छ ?.............( आंशिक बाँकीछ । सबै बाँकी छ । सबै बाँकी भए ८ को ४ मा टिक लाउने)

(१) ............

(२) ............

(३) ...........

(घर निर्माण खर्च, घर निर्माण दोस्रो किस्ता वा घर मर्मत दोस्रो किस्ता यी मध्ये कुनै उत्तर आए ८ को ३ मा टिक लगाउने)

७) उत्तरदाताको स्वघोषणाः म र मेरो परिवारको नाममा मुलुकभर दर्ता भएको वा दर्ता बाँकी जग्गा छैन । जग्गा खरिद गर्ने हाम्रो क्षमता छैन । म र मेरो परिवारको सदस्यले विगतमा राज्यबाट जग्गा वा आवासको स्वामित्व प्राप्त गरेको छैन । अंश वापत म र परिवारको कुनै सदस्यले जग्गा पाउने सम्भावना छैन । साथै आफ्नो वा परिवारको नाममा रहेको सम्पूर्ण जग्गा कुनै प्रकारले हक हस्तान्तरण गरेको छैन । उल्लिखित कुरा साँचो हो झुट्टा ठहरे कानून वमोजिम सहुला बुझाउँला।

| औठा छाप | | हस्ताक्षर |
|---|---|---|
| दाँया | वाँया | |
| | | |
| सम्बन्धीत व्यक्तिको सम्पर्क नं........................................ | | |

८) लगत संकलन कार्यदलको रायः

| |
|---|
| १)मुक्त हलिया होइनःलगतमा समावेश गर्नु परेन। ☐ |
| २)मुक्त हलिया होः निजले सुविधा लिइसकेकोले लगतमा समावेश गर्न परेन। ☐ |
| ३)मुक्त हलिया होः निजलाई आंशिक सुविधादिनबाँकी छ। ☐ |
| ४)मुक्त हलिया होःपहिले लगतमा नाम समावेश भएपनि सुविधा लिएको छैन । ☐ |
| ५)मुक्त हलिया होःअघिको लगतमा नाम समावेश छैन ।लगतमा समावेश गर्नुपर्ने । ☐ |

| फारम भर्ने कर्मचारीको | वडा प्रतिनिधिको नाम |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखत |
| मितिः | मितिः |
| सम्पर्क नं | सम्पर्क नं |

## अनुसूची २
## परिचयपत्रको ढाँचा
(कार्यविधिको दफा १० को (५) सँग सम्वन्धित)

अगाडि

परशुराम नगरपालिका

नगरकार्यपालिकाको कार्यालय जोगबुडा, डडेल्धुरा

मुक्त हलिया परिचय पत्र

वर्ग .....

नामः

ठेगानाः............पालिका, वडा नं..........

नागरिकता नं............

(प्रमाणित गर्नेकोसही)

फोटो

ुसूची ३

को (२)

पछाडी

बाबुको नामः

पति वा पत्नीको नामः

आफु समेत परिवार संख्याः

परिचयपत्र पाउनेको दस्तखतः

पारिवारिक विवरण

(यो परिचयपत्र कसैले भैटाएमा सम्बन्धित वडा कार्यालय वा स्थानीयतहमा बुझाइदिनु होला)

परशुराम नगरपालिका

नगरकार्यपालिकाको कार्यालय जोगबुडा, डडेल्धुरा

विषयःमुक्त हलिया लगतमा नाम समावेश गर्ने ।

मुक्त हलिया पुनस्थापन समितिको मिति २० । । को निर्णयानुसार देहायको क्षेत्रमा रहेका मुक्त हलियाहरुको लगत संकलन गर्ने कार्यका लागि मिति २०८०। । देखि २०८०। । सम्म सम्वन्धित स्थानीय तहको वडा स्तरमा गणना टोली परिचाल नहुने भएकोले उक्त टोली समक्ष आफ्नो नाम नामेसी टिपाउन सरोकारवाला मुक्त हलियालाई जानकारी गराइन्छ ।

लगत संकलन कार्यको लागि गणना टोली खटिने क्षेत्र

प्रदेशः

जिल्लाः

स्थानीयतहः

अनुसूची ४

(कार्यविधिको दफा ७ को (क)सँग सम्वन्धित)

परशुराम नगरपालिका

... नं वडा कार्यालय

लगत संकलन सहजीकरण समिति

विषयः दावि विरोध गर्ने सम्वन्धमा ।

मुक्त हलिया पुनस्थापन समितिको सचिवालयको मिति २०८०। । । को सूचना वमोजिम यस वडामा मिति २०८०/ / देखि मिति२०८०/ / सम्म मुक्त हलिया लगत संकलन गर्न परिचालन गरिएको गणना टोलीबाट प्राप्त विवरण निम्नानुसार रहेकोछ । यस विवरणमा कुनै व्यहोरा फरक परेको वा विवरण सत्य नरहेको भए यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र यस समितिमा जानकारी गराइ विवरण अद्यावधिक गर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

क.साविक लगतमा नाम समावेश भै कुनै सुविधा नपाएका मुक्तहलिया

१

२

ख. साविकको लगतमा छुट भएका मुक्तहलियाहरु

१.

२.

ग. पहिलो पटक लगतमानाम समावेश हुनआएका मुक्तहलिया

१.
२.
घ.साविक लगतमा नाम समावेश भै आंशिक सुविधा लिन बाँकी मुक्तहलिया
१.

२.**अनुसूची ५**

**कार्यक्रम कार्यान्वयन कार्ययोजना**

| क.स. | क्रियाकलापहरु | मिति | स्थान | अनुमानित बजेट | जिम्मेवारी | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रमुख | सहायक |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

समाप्त

प्रमाणीकरण मिति: २०८०/०९/२५

आज्ञाले
कृष्णदेव जोशी
प्रमुख प्रशासकीय अधिकृत